# शिवम सिमेन्ट्स लिमिटेड

रजिष्टर्ड कार्यालय हेटौंडा उप.म.न.पा. वडा नं. १६, मकवानपुर

को

शिवम् सिमेन्ट असली OPC सिमेन्ट SINCE 2003

## सातौं वार्षिक (आ.व. २०७८।०७९) साधारण सभा सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित : २०७९।०९।०४ गते

श्री शेयरधनी महानुभावहरु

यस शिवम् सिमेन्ट्स लिमिटेड कम्पनीको संचालक समितिको मितिः २०७९।०८।२८ गते, (तदनुसार १४, डिसेम्बर २०२२) मा बसेको १०८ औं बैठकको निर्णय बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा तल लेखिएका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**

| | |
|---|---|
| **सभा हुने मिति** | : २०७९ साल पौष २९ गते, तदनुसार (१३ जनवरी २०२३) शुक्रबार। |
| **सभा शुरु हुने समय** | : विहान १०:०० बजे। |
| **स्थान** | : सामना होटल, हेटौंडा उप–महानगरपालिका, बैंकरोड, मकवानपुर। |

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरुः**

**प्रस्तावहरुः**

(१) कम्पनी संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ. व. २०७८।०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने।

(२) लेखापरीक्षकको वार्षिक प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७८।०७९ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले.प. सम्बन्धि अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।

(३) कम्पनीको आ.व. २०७९।०८० को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

(४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ. व. २०७८।०७९ को मुनाफा रकमबाट चुक्ता पूँजी रु. ४,४०,००,००,०००। (चार अरब चालिस करोड मात्र) को १०.५३% (दश दशमलव पाँच तिन) प्रतिशतका दरले हुन आउने रकम रु. ४६,३३,२०,०००। (छयालिस करोड तेत्तिस लाख विस हजार मात्र) नगद लाभाँस (लाभाँसमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने।

(५) कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा संचालक सम्बद्ध रहेको संस्थासँग तथा यसै संस्थासँग सम्बद्ध कम्पनीसँग गरेको कारोबार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने।

(६) आगामी ४ वर्षे कार्यकालका लागी (कम्तिमा एक जना महिला सहित) ५ पाँच जना संचालकहरुको निर्वाचन गरी सञ्चालक समिति गठन गर्ने।

(७) विविध।

सञ्चालक समितिको आज्ञाले,
(लेखनाथ अर्याल)
कम्पनी सचिव

## साधारण सभा सम्बन्धि अन्य जानकारी

१) सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा साधारण सभाको सूचना र वार्षिक प्रतिवेदन पुस्तिका पठाइने व्यवस्था गरिएको छ। कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा संस्थाको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौं र हेटौंडा उप-महानगरपालिका वडा नं. १६, हटिया, मकवानपुर स्थित कम्पनीको रजिष्टर्ड कार्यालयबाट प्राप्त गर्न सक्नुहुनेछ। साथै सो सम्बन्धि सूचना र वार्षिक प्रतिवेदन समेत यस कम्पनीको वेवसाइट www.shivamcement.com मा समेत उपलब्ध गराइएको छ।

२) सभा शुरु हुनुभन्दा २ घण्टा अगाडिबाट शेयरधनी महानुभावहरुले आफ्नो फोटो सहितको परिचय खुल्ने सक्कल कागजात, डिम्याट खाता नं. र शेयर कित्ता सहितको जानकारी गराई उपस्थिति किताबमा हाजिरी जनाउन सक्नु हुनेछ।

३) साधारण सभामा भाग लिन तथा संचालक निर्वाचनमा मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ। प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी फारम) भरी शेयर रजिष्टार श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंबाट दस्तखत प्रमाणित गराई सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् मितिः २०७९।०९।२७ गते बिहान १०:०० बजे भित्र कम्पनीको कर्पोरेट कार्यालय, काठमाडौंमा दर्ता गरी सक्नु पर्नेछ।

४) नावालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयरदर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र सभामा भाग लिन, प्रतिनिधि तोक्न, निर्वाचनमा मतदान गर्न र उम्मेदवार हुन पाउनेछन्।

५) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीको दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट तोकिएको एक व्यक्तिले मात्र सभामा भाग लिन, प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्न, निर्वाचनमा मतदान गर्न तथा संचालक पदमा उम्मेदवार हुन पाउनु हुनेछ।

६) संस्थागत शेयरधनीको तर्फबाट साधारण सभामा भाग लिन, संचालक निर्वाचनमा मतदान गर्न तथा उम्मेदवार हुनको लागि सम्बन्धित संस्थाको तर्फबाट प्रतिनिधि नियुक्ती गरेको निर्णय तथा पत्र साधारण सभा हुने मिति भन्दा ५ (पाँच) दिन अगावै कम्पनीको कर्पोरेट कार्यालयमा पेश गर्नु पर्नेछ।

७) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै सोको सूचना कम्पनीको कर्पोरेट कार्यालय, अनामनगर काठमाडौंमा दर्ता गरीसक्नु पर्नेछ। अन्यथा प्रतिनिधि फेरवदल हुन सक्ने छैन। तर सभामा सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधी पत्र (प्राक्सी) स्वतहः बदर हुनेछ।

८) कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा/गर्नु भएको अवस्थामा पहिले दर्ता भएको प्रोक्सी मान्य हुने छ। पछिल्लो प्रोक्सी स्वतः वदर वा अमान्य हुनेछ।

९) छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा छलफल गर्नु पर्ने भए ईच्छुक शेयधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु हुन अनुरो ध छ।

१०) **बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७९।०९।२० गते एक दिन मात्र शेयर दाखिला खारेज कार्य बन्द** (Book Close) **रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७९।०९।१९ सम्म कायम रहेका शेयरधनीहरुले मात्र सो सभामा भाग लिन, निर्वाचनमा मतदान गर्न, उम्मेदवार हुन तथा लाभाँस प्राप्त गर्न सक्नु हुनेछ।**

११) शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैंले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ।

१२) **कम्पनीमा कायम शेयरधनीहरुको तर्फबाट आगामी कार्यकालका लागि (कम्तिमा एक जना महिला सहित) ५ पाँच जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम तथा सो सम्बन्धी थप जानकारी निर्वाचन अधिकृतले तोके बमोजिम सभा हुने मितिको १५ दिन अगाबै कम्पनीको कर्पोरेट कार्यलय, अनामनगर, काठमाडौंको सुचना पाटीमा निर्वाचन अधिकृतद्धारा सूचना प्रकाशित गरिने छ। निर्वाचन अधिकृतको कार्यालय कम्पनिको कर्पोरेट कार्यलय भवनमा रहने छ। निर्वाचन सम्बन्धी अन्य प्रक्रिया र थप जानकारीको लागि निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिने छ।**

१३) अन्य जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नम्बर ०१-५७०६८०४) मा सम्पर्क राख्नु हुन अनुरोध छ।